*Siddhajyoti Interdisciplinary Journal (SIJ)*
Vol. IV, January, 2023
(A Peer Reviewed Open Access Research Journal)
ISSN: 2645-8381
Published by Research Management Cell, Siddhajyoti Education Campus, Sindhuli
https://www.nepjol.info/index.php/sij

# द्विभाषिकता तथा बहुभाषिकताको सापेक्षतामा बहुभाषिक शिक्षा

**अन्जली अधिकारी**

**Article History**: ***Received:*** 30 June 2022; ***Reviewed:*** 30 November 2022; ***Accepted:*** 10 December 2022

**लेखसार**

*आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक र ऐतिहासिक पक्षका दृष्टिले बहुभाषिकतालाई विश्वव्यापी साझा अवधारणाका रूपमा लिइन्छ । प्रस्तुत लेखमा द्विभाषिकता तथा बहुभाषिकताको परिचय, परिभाषा र यसका प्रकार साथै बहुभाषिक शिक्षाको अवधारणालाई चर्चा गरिएको छ । गुणात्मक प्रकृतिको प्रस्तुत लेखमा पुस्तकालयका माध्यमका तथ्याङ्क सङ्कलन गरिएको छ । सङ्कलित तथ्याङ्कलाई वर्णनात्मक तरिकाले विभिन्न शीर्षक र उपशीर्षकमा विश्लेषण गरिएको छ । द्विभाषिक र बहुभाषिक शब्दको प्रयोग एकभन्दा बढी भाषा प्रयोगका सन्दर्भमा गरिन्छ । यसका साथै बहुभाषिक, द्विभाषिक र त्रैभाषिक शिक्षालाई बहुभाषिक शिक्षाको अवधारणाभित्र समेटिएको छ । बहुभाषिक, बहुजातीय र बहुसांस्कृतिक समाजमा विभिन्न गतिविधि सञ्चालनका क्रममा तथा आपसी सम्प्रेषणमा लागि प्रयोग हुने भाषाको अवस्था द्विभाषिकता तथा बहुभाषिकताको हो । बहुभाषिकताले कम्तीमा दुई भाषामा सम्प्रेषणको सामर्थ्यताको अपेक्षा गर्ने हुँदा बहुभाषिक शिक्षाको आवश्यकता ज्वलन्त बनेको देखिन्छ । बहुजातीय समाजमा विभिन्न गतिविधि सञ्चालन, एवम् आपसी सम्प्रेषणका दुई भाषाको प्रयोग हुने अवस्था द्विभाषिकता तथा बहुभाषिकता भएकाले यसको महत्त्वपूर्ण आधार बहुभाषिक शिक्षा हो । बहुभाषिक शिक्षाले घरको भाषा र विद्यालयको भाषालाई जोडी विस्तृत सञ्चारको भाषालाई शिक्षाको पहुँचमा पुऱ्याउने उद्देश्य राखेको देखिन्छ । नेपालको सन्दर्भमा भने बहुभाषामा शिक्षा, मातृभाषामा शिक्षा वा मातृभाषाको शिक्षा भन्ने उद्देश्य स्पष्ट भएर मात्र बहुभाषिक शिक्षा नीति बनाएर कार्यान्वयन गर्न सकेमा प्रभावकारी हुने बुझाइलाई लेखको निष्कर्षको रूपमा प्रस्तुत गरिएको छ ।*

***शब्दकुञ्जी*** : बहुभाषी समाज,बहुभाषामा शिक्षा,एकलभाषी शिक्षण, भाषान्तरण, प्रवर्धनात्मक द्विभाषिकता, अधिग्रहण ।

## विषय प्रवेश

बहुभाषिकता भाषा प्रयोगको एउटा रूप हो । व्यक्तिले आफ्नो मातृभाषाको प्रयोगमा दक्षता हासिल गरेपछि विभिन्न सामाजिक सन्दर्भका कारण मातृभाषाभन्दा बाहेकका अन्य भाषाहरू पनि सिक्नुपर्ने आवश्यकता हुन्छ । यस सन्दर्भमा उसले मातृभाषाभन्दा अन्य भाषाको पनि प्रयोग क्षमता राख्नुपर्ने हुन्छ । सामाजिक अन्तरघुलन, सामाजिक, सांस्कृतिक सम्पर्क, शिक्षा, रोजगार, व्यापार व्यावसाय, पर्यटन, सञ्चार आदिका सन्दर्भमा व्यक्तिले मातृभाषाभन्दा बाहेकका अन्य भाषा प्रयोगमा क्षमता हासिल गरेको अवस्थालाई बहुभाषिकताको स्थिति मान्ने गरिन्छ ।यस्तो स्थितिको तर्जुमा गर्ने दायित्व बहुभाषिक शिक्षामा रहेको देखिन्छ । बहुभाषिक शिक्षाले पुस्तैनी भाषालाई अघि बढाउन महत्वपूर्ण भूमिका खेल्ने मानिन्छ । समाजका हरेक क्षेत्रमा दुई वा सोभन्दा बढी भाषाको प्रयोग गर्नका लागि बहुभाषिक शिक्षा

*Copyright 2023 © Author(s) This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

आवश्यक मानिन्छ । बहुभाषिक शिक्षाको उद्देश्य सिकारुमा दुई वा सोभन्दा बढी भाषामा सञ्चार क्षमताको विकास गराउने भएकाले सिकारुको आफ्नो भाषालाई अगाडि बढाउँदै थप अन्य भाषामा संज्ञानात्मक क्षमताको विकास गराउने रहेको छ ।

बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय समाजमा सामुदायिक अन्तरघुलन एवम् आपसी सम्प्रेषणका लागि दुई भाषाको प्रयोग हुने अवस्था द्विभाषिकता हो । यस्तै गरी एकल वक्ता वा वक्ताहरूको समूहद्वारा दुईभन्दा बढी भाषाको प्रयोग गर्नु बहुभाषिकता हो । बहुभाषिकताले दुई वा सोभन्दा बढी भाषाहरू प्रयोग गर्ने वक्ताहरूको समुदाय बिचमा हुने व्यक्तिगत सन्दर्भलाई जनाउँछ । वर्तमान समयमा व्यक्ति, समाज, राष्ट्रका निम्ति विविध आवश्यकता र चाहनाले बहुभाषिक समाज बन्दै गएको छ । यस सन्दर्भमा व्यक्तिका साथै सिङ्गो समाज पनि द्विभाषिक बन्ने अवस्था आउन सक्छ । बहुभाषिक समाजमा कतिपय व्यक्तिहरू आफ्नो व्यक्तिगत आवश्यकताले गर्दा मातृभाषा बाहेक अर्को भाषा सिक्न तथा प्रयोग गर्न पुग्छन् । बहुभाषी समाजमा सबै वक्ताहरू बहुभाषी हुनु आवश्यक छैन तर क्यानडा, मलेसिया, फिलिपिन्स, भारतजस्ता देशहरू राज्यस्तरबाट सहज रूपमा बहुभाषिक बनेका(माविलेट्जा, सन् २०१५, पृ.६७) छन् । बहुभाषिकताका लागि बहुभाषिक शिक्षा आवश्यक हुन्छ । बहुभाषिकताको प्रकृति सबै देशमा एकै प्रकारको नभएझैं बहुभाषिक शिक्षाका लागि पनि भिन्न भिन्न पद्धति र मोडल देखिन्छन् । बहुभाषिकताको अवधारणाले कम्तीमा एकभन्दा बढी भाषाको ज्ञान हुनु र प्रयोग गरिनु भन्ने द्विभाषिक अवधारणालाई पनि समेट्दछ ।

प्रस्तुत लेख द्विभाषिकता तथा बहुभाषिकताको सापेक्षतामा विश्वव्यापी रूपमा अभियानका रूपमा थालनी भएको बहुभाषिक शिक्षाको अवधारणा स्पष्ट पार्दै बहुभाषिकताको परिचय र प्रकारबारे व्याख्या विश्लेषणमा केन्द्रित रहेको छ । विशेषतः यस लेखले बहुभाषिकता र बहुभाषिक शिक्षाको अवधारणालाई स्पष्ट पार्दै बहुभाषिकताका प्रकारहरूको विश्लेषण गर्ने उद्देश्य लिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखलाई गुणात्मक ढाँचामा संरचित गरिएको छ । द्विभाषिकता तथा बहुभाषिकताको परिचय, परिभाषा र यसका प्रकारका साथै बहुभाषिक शिक्षाको अवधारणा पहिल्याउनका लागि सैद्धान्तिक किसिमका पुस्तक र अनुसन्धामूलक लेख, शोध प्रबन्ध र इन्टरनेटमा उपलब्ध सामग्रीहरू उपयोग गरिएको छ । यस लेख निर्माणका लागि आवश्यक सामग्री सङ्कलन पुस्तकालय अध्ययनबाट विभिन्न सन्दर्भकृतिका सहायताले गरिएको छ भने वर्णनात्मक र व्याख्यात्मक विधि अपनाएर विविध शीर्षक र उपशीर्षकमा विश्लेषण गर्दै लेखलाई अन्तिम रूप दिइएको छ ।

## द्विभाषिकता तथा बहुभाषिकताको परिचय

द्विभाषी र बहुभाषी शब्दहरूको प्रयोग एकभन्दा बढी भाषाको उपयोगको क्षमता राख्ने व्यक्तिका सन्दर्भमा प्रयोग हुन्छ । वर्तमान समयमा विश्वभर द्विभाषिकता तथा बहुभाषिकताको स्थिति पाइन्छ । बहुभाषिक समाजमा आपसी सम्प्रेषणका लागि एकल वक्ता वा समूह दुई वा सोभन्दा बढी भाषामा सक्षम हुनु नै बहुभाषिकता हो । द्विभाषिकता तथा बहुभाषिकतालाई विभिन्न विद्वानहरूले विभिन्न तरिकाले परिभाषित गरेको पाइन्छ । उदाहरणका लागि काङ्गास (सन् १९८८ पृ.३६) काअनुसार एकभन्दा बढी भाषामा दक्ष हुनु बहुभाषिकता हो । उनको परिभाषाले भाषाहरूको प्रयोगमा दक्षता हासिल गर्नुपर्नेमा जोड दिन्छ । यसैगरी ट्रजिल (सन् १९७४, पृ.२६) ऐतिहासिक, सामाजिक, राजनैतिक र आर्थिक कारणले गर्दा बहुभाषिकतालाई साझा अवधारणा मान्दछन्। उनको परिभाषाले बहुभाषिकता सबै क्षेत्रका लागि अपरिहार्य बनेको सङ्केत गर्दछ । भाषिक वक्ता आफ्नो व्यक्तिगत कारण र राज्यस्तरको नीतिका कारण द्विभाषिक/बहुभाषिक बन्ने अवस्था सिर्जना हुन्छ ।

कुनै पनि वक्ताले विचार सम्प्रेषणका क्रममा दुई ओटा भाषाको प्रयोग गर्ने अवस्थालाई द्विभाषिकता र दुईभन्दा बढी भाषाको प्रयोग गर्ने अवस्थालाई बहुभाषिकता भनिन्छ । भाषिक वक्ता राष्ट्रिय राजनीति, सामाजिक, शैक्षिक, पर्यटकीय एवम् रोजगारीका कारणले बहुभाषी बन्दछ (बल्टर, सन् २०१२, पृ.१५) ।

उनले व्यक्तिगत र समुदाय द्वि/बहुभाषिक बन्न सक्ने अवस्थालाई सङ्केत गर्दै भाषिक वक्ताहरू आफ्नो व्यक्तिगत आवश्यकताले गर्दा मातृभाषा बाहेक अन्य भाषा प्रयोग गर्ने गर्दछन् भने त्यस्तो अवस्थालाई वैयक्तिक द्विभाषिकता/बहुभाषिकता भनिन्छ । परिवार, समुदाय, क्षेत्रका साथै देशभित्र र विभिन्न देश बाहिरसमेत आपसी सम्पर्कको सञ्जाल बनाउने सन्दर्भमा भने समुदाय नै द्विभाषीकता/बहुभाषी बन्न सक्छ । यस्तो अवस्थालाई प्रायः सहज मानिन्छ । बल्टर (सन् २०१२) का अनुसार द्विभाषिकताले बहुभाषिकतालाई समेट्न सक्ने र बहुभाषिकताभित्र द्विभाषिकता समेटिने हुँदा सामाजिक विज्ञानमा यी दुवै शब्दलाई पर्यायवाचीका रूपमा पनि लिइएको पाइन्छ ।

द्वि/बहुभाषिकतालाई परिभाषित गर्ने क्रममा रोनाल्ड कार्टर (सन् १९९३) ले बोलाइ, पढाइ र लेखाइ जस्ता आधारभूत सिपहरूमा दुई भाषामा दक्ष व्यक्तिलाई द्विभाषिक भनेका छन् (भण्डारी, २०७२, पृ.६७) । उनको परिभाषामा द्विभाषिकताका लागि भाषिक सिपमा दक्षता हासिल गरेको हुनुपर्ने कुरामा जोड दिइएको पाइन्छ । द्विभाषिकताका सन्दर्भमा ब्लुमफिल्डले कुनै पनि वक्ताले दोस्रो भाषामा अर्थपूर्ण बोली उत्पादन गर्न सक्ने अवस्थागत बिन्दु द्विभाषिकता भनेका छन्  (पौडेल, २०७४, पृ.१९) । यस्तै ह्यालिडे (सन् १९९४) का अनुसार दुईवटा भाषामा समान र विकसित प्रभुत्व हुनु नै द्विभाषिकता बन्नु हो (अधिकारी,  २०७४, पृ.३४) । द्विभाषिकता र बहुभाषिकतालाई चिनाउँदै क्रिस्फोटनले भनेका छन् : द्विभाषिकता शब्दले कुनै एक व्यक्तिले दुई भाषा प्रयोग गर्ने अवस्था र बहुभाषिकता शब्दले एउटा व्यक्तिले अनेक भाषा प्रयोग गर्ने अवस्थालाई बुझाउँछ (पौडेल, २०७४, पृ.१९) ।सरल शब्दमा एक व्यक्ति जो एक समयमा दुई वा दुई भन्दा बढी भाषाहरू जान्दछ, बहुभाषी भनेर चिनिन्छ (दुआ, सन् २००८, पृ.१४५) । यस्तै बेन्रिखकाअनुसार दुवै भाषा एक अर्काको वैकल्पिक रूपमा प्रयोग गरिने अवस्थालाई द्विभाषिकता भनिन्छ ।श्रीवास्तवले (सन् १९९७) ले बहुभाषिक र बहुसांस्कतिक समाजमा द्विभाषित्व भनेको अन्तर क्रियामा संलग्न भाषा व्यवहारको एक प्राकृतिक अवस्था हो भनेका छन् (कुक, सन् १९८९, पृ.८९ ) । बल्टर (सन् २०१२) का अनुसार कुनै पनि समाजको शिक्षा र भाषायोजनामा बहुभाषिक समाजको विश्वास, दृष्टिकोण, डिस्कोर्स विशेष गरी स्थापित हुन्छन् । त्यसैगरी अधिकारी (२०७४) का अनुसार द्विभाषिकता भनेको आपसी सम्प्रेषणका लागि भाषा प्रयोगको त्यस्तो स्थिति हो । यसमा वक्ताहरू दुई वटा भाषाको उपयोग गर्दछन् र बहुभाषिकताले उक्त प्रयोजनका लागि दुईभन्दा बढी भाषाहरूको उपयोग गर्ने स्थितिलाई जनाउँछ । पौडेल (२०७४) का अनुसार बहुभाषिकता भनेको तीन वा सोभन्दा बढी भाषाहरू एक अर्काका वैकल्पिक रूपमा प्रयोग गर्न सकिने अवस्था हो । यसरी विभिन्न विद्वान्हरूले द्विभाषिकता र बहुभाषिकतालाई विभिन्न किसिमले परिभाषित गरेको पाइन्छ ।

माथिका परिभाषाअनुसार सामाजिक व्यवहार सञ्चालनका क्रममा वक्ताले व्यक्तिगत वा सामाजिक आवश्यकताअनुसार एकभन्दा बढी भाषाको प्रयोग गर्नुपर्ने हुन्छ । यही एकभन्दा बढी भाषाको प्रयोगको अवस्थालाई द्विभाषिकता तथा बहुभाषिकता भनिन्छ । सामाजिक, आर्थिक, राजनैतिक,सांस्कृतिक, भाषिक विकास र विस्तारका लागि द्विभाषिकता तथा बहुभाषिकताको आवश्यक पर्दछ । सामाजिक भाषाविज्ञानले व्यक्ति बहुभाषिकता भन्दा समाज वा सामुदायिक बहुभाषिकतालाई महत्त्वपूर्ण मान्दछ ।

## द्विभाषिकताका प्रकार

बहुभाषिकताका सम्बन्धमा दुआ (सन् २००८) ले महत्त्वपूर्ण सबाल अगाडि सारेका छन् । उनका अनुसार एक व्यक्ति जसले एकभन्दा बढी भाषा बुझ्न सक्दछ, ऊ बहुभाषी मानिने छ ? एक व्यक्ति जो एकभन्दा बढी भाषा पढ्न सक्दछ तर लेख्न असमर्थ छ भने पनि बहुभाषी मानिने छ ?यस्ता जिज्ञासाको मनन गरेर बहुभाषिकताका बारेमा स्पष्ट धारणा बसाउन आवश्यक छ । उनका अनुसार बहुभाषी हुनको लागि भाषाको चारै सिपमा कमाण्ड हुनु आवश्यक छ, जस्तै, सुन्ने, पढ्ने, लेख्ने र बोल्ने । यदि हो भने, त्यसो भए ऊसित उसले जान्ने सबै भाषाहरूमा नेटिभ जस्तै कमान्ड हुनुपर्दछ तर त्यो पनि अस्पष्ट देखिन्छ । बहुभाषिकताले प्रभावकारी सञ्चारको आवश्यकताको सेवा गर्दछ र यसको लागि सबै भाषाहरूमा

दक्ष हुनु आवश्यक छैन । बहुभाषिकताका प्रकारका सन्दर्भमा प्रथमतः दुआको धारणालाई उल्लेख गरिएको छ । उनले बहुभाषिकतालाई निम्नानुसार वर्गीकृत गरेका छन् :

**प्राप्तिको परिणाम** (Degree of Acquisition): भाषिक वक्तालाई आफूमा भएको अन्य भाषाको ज्ञान र क्षमताको स्तर जानकारी भएको अवस्थालाई प्राप्तिको परिणाम भनिन्छ । कुनै एक व्यक्तिसँग उसले जान्ने सबै भाषाहरूमा पुस्तैनी (Native) जस्तै दक्ष छ भने त्यस्तो आर्जनको मात्रालाई Ambilingualismभनिन्छ । यदि कुनै एक व्यक्तिसँग उसले प्रयोग गर्ने भाषाहरूमा समान डिग्रीको योग्यता छ भने Equilingualism भनिन्छ । यसका माध्यमबाट भाषा प्राप्तिको परिणामअनुसार कुनै एक व्यक्ति कसरी बहुभाषी बन्न लागेको छ भन्ने स्पष्ट हुन्छ ।

**अधिग्रहणको तरिका** (Manner of Acquisition) : कुनै एक व्यक्तिले अन्य प्राप्त गर्ने शैलीलाई अधिग्रहणको तरिका भनिन्छ । यसमा भाषा कसरी प्राप्त गर्दछ वा सिक्दछ भन्ने कुराका बारेमा व्याख्या गरिन्छ । यसलाई प्राकृतिक र कृत्रिम गरी दुई प्रकारमा विभाजन गरिन्छ । बच्चाले घरमा एकभन्दा बढी भाषा स्वाभाविक रूपमा प्राप्त गर्ने अवस्था प्राकृतिक द्विभाषिक अधिग्रहण हो । कृत्रिम वा कक्षा कोठामा अन्य भाषाहरूका बारेमा जान्नु कृत्रिम बहुभाषिकता हो । कहिलेकाहीँ यसलाई वैकल्पिक बहुभाषिकता पनि भनिन्छ । यो बचपन र वयस्कतामा पनि हुन सक्छ ।

श्रीधर (सन् १९९६) ले बहुभाषिकतालाई व्यक्तिगत बहुभाषिकता र सामाजिक बहुभाषिताको रूपमा वर्गीकरण गरेका छन् । दुई वा अधिक भाषाहरूमा योग्यता लिने एक व्यक्तिको क्षमतालाई व्यक्तिगत बहुभाषिकता भनिन्छ । यस्तै समाजमा रहेको भाषिक विविधतालाई सामाजिक बहुभाषिकता भनेर चिनिन्छ । सामाजिक बहुभाषिकतामा व्यक्तिको भाषिक भूमिका र स्थितिका साथै भाषाहरूप्रतिको दृष्टिकोण हेरिन्छ । यसका साथै भाषा छनौटको निर्धारक, भाषाहरूको प्रतीकात्मक र व्यावहारिक प्रयोग एवम् भाषा प्रयोगको अवस्थालाई पनि मध्यनजर राखिन्छ । जातीयता, धर्म र वर्ग जस्ता सामाजिक कार कहरू बिचको सहसम्बन्ध जस्ता केही विषयहरू पनि यसमा महत्त्वपूर्ण मानिन्छन् ।

यसै गरी बहुभाषिकताका प्रकारका सम्बन्धमा ग्रोसजेन (सन् १९९९) को धारणा पनि महत्त्वपूर्ण मानिन्छ । उनकाअनुसार समाजको तहमा दुई प्रमुख सिद्धान्तले बहुभाषित्वलाई चलाउँछन् ।

**प्रादेशिक सिद्धान्त** : यस सिद्धान्तअनुसार देशमा धेरै भाषा समूहहरू रहने गर्दछन् तर प्रत्येक एकल भाषामा एकाधिकारिकता हुन्छ । उदाहरणको लागि क्यानडामा चार आधिकारिक भाषाहरू छन् । त्यसकारण सम्पूर्ण मुलुक बहुभाषिक हो तर सबै व्यक्तिहरू बहुभाषिक छैनन् ।

**व्यक्तित्व सिद्धान्त** : यस सिद्धान्तअनुसार एउटा देशमा धेरै आधिकारिक भाषाहरू हुन्छन् र व्यक्तिहरू पनि बहुभाषी छन् । उदाहरणको लागि भारत जुन बहुभाषिक देश हो र त्यहाँ प्राय जसो बहुभाषी वक्ताहरू छन् । अझै बहुभाषिकताको अर्को सिद्धान्त वर्णन गर्न सकिन्छ, जहाँ देश एकल भाषिक हो अर्थात् एक आधिकारिक भाषा हो । तर विभिन्न अल्पसंख्यक भाषाहरू वा विभिन्न बोली वा भिन्नताहरूको उपस्थितिको कारणले व्यक्तिहरू एकलभाषी हुनु आवश्यक छैन (बल्टर, सन् २०१२, पृ.९८) ।

मन्सूरजी (सन् १९९१) ले बहुभाषित्वलाई तेर्सो बहुभाषित्व, ठाडो बहुभाषित्व र ग्रहणहशील बहुभाषावादभनी विभाजन गरेका छन् ।

**तेर्सो बहुभाषित्व** : जुन वक्ताहरू आफ्नै भौगोलिक स्थानमा बस्छन्, तिनीहरू प्रायशः एकभाषी (मोनोलिंगुअल) हुन्छन्, तिनीहरू तेर्सो बहुभाषीत्व अन्तर्गत समूहीकृत गरिन्छ ।

**ठाडो बहुभाषित्व** : यसमा विभिन्न जातिका मानिसहरू अरूसँग प्रत्यक्ष सम्पर्कमा रहेका हुन्छन् । उनीहरू सबै सामाजिक र आर्थिक गतिविधिहरूमा संयुक्त रूपमा सहभागी हुन्छन् । ठाडो बहुभाषित्वका उदाहरणहरू बहुभाषी देशहरूको शहरी केन्द्रमा अधिक छन् जहाँ व्यक्तिहरू विभिन्न भाषाहरूमा अधिक कुराकानी गर्दछन् ।

**ग्रहणहशील बहुभाषावाद (Receptive Multilingualism)** : ग्रहणहशील बहुभाषावाद बहुभाषित्वमा अनुसन्धानभित्र स्थापित क्षेत्र होइन तर पनि बहुभाषिकतामध्ये नब्बेको दशकपछि मात्र यूरोपीयन आयोगले

ल्याएको नवीन धारणा हो । ग्रहणशील बहुभाषावाद एक व्यापक शब्द हो यसले मूल रूपमा अन्य भाषाहरू पढ्ने र बुझ्ने काम गर्दछ (सेनोज, सन् २०१२, पृ.४३) । जीभर्ट र थाई (सन् २००७) अनुसार ग्रहणशील बहुभाषावाद भनेको भाषाको व्यापक क्षेत्र हो । जहाँ वार्तालापहरूले (Interlocutors) एक अर्कासँग बोल्दा सम्बन्धित मातृभाषा प्रयोग गर्दछन् । भाषा सम्पर्कको एक माध्यमको रूपमा स्वीकार्य बहुभाषित्वको बारेमा अनुसन्धान केन्द्र ५३८ को ह्याम्बर्ग विश्वविद्यालयमा छलफल गरिएको थियो । यसको मुख्य भूमिकाले स्कान्डिनेभियाली (Scandinavian) भाषाहरूको विकासमा ठूलो असर पारेको थियो (कोलमेन, सन् २०१७ पृ. ११-१५) ।

बेन्रिखले मातृभाषाको छापका आधारमा असंयोजित, सहसंयोजित र मिश्रित गरी विभाजन गरेका छन् (पौडेल, २०७४, पृ.२०) । असंयोजित द्वि/बहुभाषिकताले बहुभाषिक समाजका कुनै पनि वक्ताले मातृभाषा बाहेकका अन्य भाषालाई स्वतन्त्र रूपमा वा मातृभाषाको प्रभावबिना नै ग्रहण र अभिव्यक्त गर्न सक्ने अवस्थालाई जनाउँछ । त्यसैगरी सहसंयोजित द्विभाषिकताले कुनै पनि वक्ताले आफ्नो कमजोर भाषाका शब्दहरू सबल भाषाका माध्यमबाट व्यक्त गर्न सक्ने अवस्थालाई बुझाउँछ । त्यस्तै मिश्रित द्विभाषिकताले सिकेका प्रत्येक भाषाको समान स्तरमा मस्तिष्कमा धारण गरिने र व्यक्त गर्न सक्ने अवस्थालाई जनाउँछ ।

त्यसैगरी हेमाङ्ग राज अधिकारी (२०७४ पृ. ३५-३७) को पुस्तकमा द्विभाषिक/बहुभाषिकता प्रकारलाई निम्नानुसार उल्लेख गरिएको छ :

**प्रारम्भिक द्विभाषिकता :** भाषा प्रयोगका क्रममा एउटा भाषा राम्ररी जानेको व्यक्तिले अर्को भाषा भर्खर सिक्दै गरेको अवस्थालाई प्रारम्भिक द्विभाषिकता भनिन्छ । यस्तो अवस्थामा रहेको व्यक्तिले दोस्रो भाषा आंशिक रूपमा बुझ्न सक्तछ तर बोल्न भने नसक्ने हुन्छ । यस्तो द्विभाषिकताको अवस्था अस्थायी प्रकृतिको हुन्छ । उदाहरणका रूपमा पर्यटकीय स्थलहरूमा केही समयका लागि मात्र घुमफिर गर्न आउने पर्यटकहरूको भाषिक अवस्थालाई लिन सकिन्छ ।

**सापेक्ष द्विभाषिकता :** भाषा प्रयोगका क्रममा व्यक्तिले एउटा भाषाको ज्ञान राम्ररी हासिल गरेको तर अर्को भाषा चाहिँ काम चलाउको लागि मात्र प्रयोग गर्ने अवस्थालाई सापेक्ष भाषिक वक्ताले पहिलो भाषालाई सबै परिस्थितिमा प्रयोग गर्न सक्ने तर दोस्रो वा तेस्रो भाषा चाहिँ काम चलाउनका लागि मात्र जान्ने अवस्थालाई सापेक्ष द्विभाषिकता भनिन्छ । यस्तो अवस्थामा व्यक्तिले काम चलाउ रूपमा प्रयोग गर्ने भाषाको आधार चाहिँ पहिलो भाषा नै हुन्छ । तसर्थ यसमा पहिलो भाषाको प्रभाव वा सापेक्षतामा दोस्रो भाषा सिकिने हुनाले पछि सिकिएको अर्को भाषा गौण मानिने हुन्छ ।

**निरपेक्ष द्विभाषिकता :** भाषा प्रयोगका सन्दर्भमा व्यक्तिले सिकेका दुई भाषाहरू एक अर्काको प्रभावमा नपरिकन स्वतन्त्र तरिकाले सहज रूपमा प्रयोग हुने अवस्थालाई निरपेक्ष द्विभाषिकता भनिन्छ । यस्तो अवस्थाको द्विभाषिकतामा व्यक्तिले सन्तुलित रूपमा दुई भाषाको समान रूपमा प्रयोग हुन्छ भनिए पनि आवश्यकता र प्रयोग सन्दर्भअनुसार भने घटबढको अवस्था स्वाभाविक रूपमा देखिन्छ ।

**संयुक्त द्विभाषिकता :** भाषिक सम्प्रेषणका क्रममा प्रयोग गरिएका वा व्यक्तिले जानेका दुई भाषाको स्वरूप फरक फरक अभिव्यक्तिका क्रममा उपयोग गरिएका फरक फरक भाषाको धारणा र अर्थ एउटै भए पनि भाषा सम्पादनका दृष्टिले फरक फरक भाषाका वक्ताले फरक फरक (कोड) हुने तर त्यस्ता फरक स्वरूपले अभिव्यक्त गर्ने अर्थ वा धारणा भने समान वा एउटै हुने अवस्थाको प्रयोग गर्ने अवस्थाको द्विभाषिकता संयुक्त द्विभाषिकता हो । भाषा सिकाइको क्रममा समान उमेर र सन्दर्भमा सिकिएका भाषाहरूको द्विभाषिक अवस्था यस्तै परिस्थतिमा भेटिन सक्छ । यस्तो अवस्थामा रहेको द्विभाषिकता निरपेक्ष वा विषम प्रकृतिको देखिन्छ (अधिकारी, २०७४, पृ.३५) ।

**अन्तरजातीय द्विभाषिकता :** विभिन्न भाषाका भाषिक वक्ताहरू एउटै क्षेत्रमा रहेर आपसमा भाषिक सम्प्रेषणका माध्यमबाट भाषा सिकाइ हुने अवस्था अन्तरजातीय द्विभाषिकता हो । नेपालमा यस्तो प्रकारको द्विभाषिकता स्पष्ट रूपमा देख्न सकिन्छ ।

**बहिर्जातीय द्विभाषिकता :** विभिन्न भाषाका वक्ताहरू भिन्न भिन्न परिवेशमा रहेर भाषा सिकाइ हुने द्विभाषिक अवस्थालाई बहिर्जातीय द्विभाषिकता भनिन्छ । उदाहरणका रूपमा भारतमा हिन्दी, तमिल, पन्जाबी आदि भाषा भाषीहरूको अङ्ग्रेजी सिकाइमा उत्पन्न हुने द्विभाषिकता ।
**प्रवर्धनात्मक द्विभाषिकता :** कुनै भाषिक वक्ताले सिकेको दोस्रो भाषाले व्यक्तिको बौद्धिक ज्ञान र क्षमता विस्तारमा सहयोग गर्ने अवस्था नै प्रवर्धनात्मक द्विभाषिकता हो । यस्तो प्रकारको द्विभाषिकताले व्यक्ति विशेषको संज्ञानात्मक विकासका साथै सामाजिक सद्भाव बढाउनमा सहयोग पुऱ्याउँछ । प्रवर्धनात्मक द्विभाषिकताले एक भाषीभन्दा बहुभाषिक व्यक्ति भाषिक र बौद्धिक सक्षमताका दृष्टिले प्रबल र प्रभावशाली हुन्छन् भन्ने धारणा राख्दछ ।
**अनवत द्विभाषिकता :** भाषा सिकाइ एवम् प्रयोगका सन्दर्भमा पछि सिकेको दोस्रो वा तेस्रो भाषाले पहिलो भाषाको ज्ञान र सक्षमतामा ह्रास ल्याउन सक्ने अवस्थालाई अनवत द्विभाषिकता भनिन्छ । नेपालको सन्दर्भमा यथेष्ट रूपमा यस्तो द्विभाषिक अवस्था देखिन्छ । नेपाली मातृभाषी अङ्ग्रेजी भाषामा सबल हुँदै गएको तर नेपाली भाषामा कमजोर हुँदै गएको अवस्थालाई यस प्रकारको प्रकारमा राख्न सकिन्छ । त्यस्तै अन्य मातृभाषीहरू नेपाली भाषाको सबलतासँगै आफ्नो भाषाको प्रयोग नगर्नुले आफ्ना मातृभाषाहरू सङ्कटावस्थामा र लोपोन्मुख अवस्थामा पुग्नुलाई लिन सकिन्छ ।
**स्थिर र अस्थिर द्विभाषिकता :** सामाजिक कार्यव्यापारका क्रममा भाषिक वक्ताले सिकेका दुई वा सोभन्दा बढी भाषाहरू स्थायी रूपमा व्यवहारमा प्रयोग भइरहेको अवस्थालाई स्थिर द्विभाषिकता भनिन्छ । यसैगरी यसका विपरीत सिकेका भाषाहरू स्थायी रूपमा प्रयोगमा नदेखिएको अवस्थालाई अस्थिर द्विभाषिकता मानिन्छ ।
**सामाजिक र वैयक्तिक द्विभाषिकता :** सामाजिक द्विभाषिकले समुदायमा रहेका अधिकांश भाषिक सदस्यहरू द्विभाषिक हुने अवस्थालाई जनाउँछ । यस प्रकारको द्विभाषिक अवस्थामा समाजमा प्रचलित प्रभावशाली भाषाको पक्षमा देखिन्छ । त्यस्तैगरी कुनै खास समुदायको कुनै व्यक्ति आफ्ना निजी आवश्यकता र रुचिअनुसार द्विभाषिक हुने अवस्थालाई वैयक्तिक द्विभाषिकता मानिन्छ । यस्तो द्विभाषिकता मानिसका नितान्त व्यक्तिगत रुचि र आवश्यकताबाट प्रभावित भएर देखा पर्दछ ।

संसारका धेरैजसो देशहरू द्विभाषिक एवम् वा बहुभाषिक अवस्थाका देखिन्छन् । यस्ता देशमा बस्ने मानिसहरू स्वभावैले एकभन्दा बढी भाषाको जानकारी राख्ने हुन्छन् । यसरी एकभन्दा बढी भाषा प्रयोगको अवस्था देशको भाषिक परिवेश, उमेर, आवश्यकता, अभिरुचि, शिक्षा, रोजगार, अध्ययन एवम् अनुसन्धान, व्यावसायिक जस्ता अनेकौं कारणले देखा पर्दछ । यसरी सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, भाषिक विकास र विस्तारका लागि द्विभाषिकता तथा बहुभाषिकताको आवश्यक पर्दछ । यसै आवश्यकता परिपूर्तिका लागि बहुभाषिक शिक्षाको अवधारणा विश्वव्यापी रूपमा विकसित भएको देखिन्छ ।

## बहुभाषिक शिक्षाको अवधारणा

बहुभाषिकता र द्विभाषिकताको सापेक्षतामा बहुभाषिक शिक्षाको अवधारणा विकसित भएको देखिन्छ । सन् १९५३ मा युनेस्कोबाट प्रकाशित 'द युज अफ भर्नाकुलर ल्याङ्ग्वेज इन एजुकेशन' प्रतिवेदन प्रकाशित भएपछि शिक्षामा भाषाको मुद्दा उठ्न थालेको देखिन्छ । जसले शिक्षामा बहुभाषाको उपयोगमा जोड दिन्छ । औपनिवेशिक र गम्भीर प्रकृतिका राजनैतिक परिवर्तन भए पछिका देशहरूमा भएका सयौँ भाषाहरू विभिन्न कारणले खतराको अवस्थामा रही भाषा र जातिको स्थानीय पहिचान हराउन सक्ने अवस्थालाई केन्द्रमा राखी शिक्षामा भाषा प्रयोगको मुद्दा अगाडि बढेको पाइन्छ (युनेस्को, सन् २००३) । सबैका लागि शिक्षाको आशय सबैलाई गुणात्मक शिक्षा भन्ने रहेकाले भाषा र शिक्षालाई जोडेर लैजाँदा हरेक भाषाको अस्तित्व र जातीय पहिचान जोगाउन सकिने धारणा विकसित भएको देखिन्छ । यसै अवधारणाअनुसार युनेस्को (सन् २०१०) ले बहुभाषिक शिक्षाका लागि कम्तीमा तिन वटा भाषामा शिक्षा दिनु उपयुक्त हुने उल्लेख गरेको छ । बहुभाषिक शिक्षाको उद्देश्य पनि मातृभाषा, सरकारी भाषा र

अन्तर्राष्ट्रिय भाषा गरी तिन ओटा भाषालाई शिक्षामा संलग्न गराउनु रहेको छ (युनेस्को, सन् २०११) । तसर्थ बहुभाषिक शिक्षाले घरको भाषा र विस्तृत सञ्चारको भाषालाई शिक्षाको पहुँचमा पुऱ्याउन प्रोत्साहन गर्ने देखिन्छ नेपालमा शिक्षण सिकाइका क्रममा बहुभाषा वा मातृभाषामा र मातृभाषाको उपयोग गर्ने भन्नेमा मतैक्यता देखिँदैन । शिक्षण सिकाइका क्रममा जहाँ दुई वा सोभन्दा बढी भाषाहरूको उपयोग गरिन्छ त्यहाँ मात्र बहुभाषिक शिक्षा उपयोगी (टायलर, सन् २०२०) हुने भनिए पनि नेपालमा बहुभाषिक शिक्षाको उद्देश्य स्पष्ट नभएको देखिन्छ । यसै सन्दर्भमा काङ्गास र मोहन्टी (२०२०) नेपालको भाषा नीति र योजनाको उद्देश्य गर्दा भाषिक सक्षमताको आधारमा भन्दा बढी राजनैतिक बहसमा केन्द्रित भएको धारणा राख्दछन् । बहुभाषिक शिक्षा निर्देशिका (२०६६) ले बहुभाषामा शिक्षा दिने उद्देश्य राखे पनि एकलभाषी अभ्यास (मातृभाषामा शिक्षा) का लागि नीति र योजना बनेको पाइन्छ । सबै बालबालिकाले गुणात्मक शिक्षा हासिल गर्न सक्नुका साथै कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दरमा कमी ल्याउनका लागि विकसित नयाँ अवधारणा बहुभाषिक शिक्षा पद्धतिलाई नेपालमा एकलभाषी पद्धतिउन्मुख भई परियोजनामा कार्यान्वयन गरेको देखिएको (अहोनेन, सन् २०२०) छ । बहुभाषिक शिक्षा निर्देशिका (२०६६) ले स्थानीय मातृभाषासमेत एक वा एकभन्दा बढी भाषाका माध्यमबाट दिइने शिक्षालाई बहुभाषी शिक्षा भन्ने उल्लेख गरेको छ । जसमा शिक्षण सिकाइका क्रममा एकै समयमा दुई भाषाहरूको उपयोग गरिने द्विभाषिक शिक्षा पनि सम्मिलित हुन्छ । नेपालमा बहुभाषिक शिक्षाको उद्देश्य पूरा गर्न बहुभाषामा शिक्षा, मातृभाषामा शिक्षा र मातृभाषाको शिक्षा के हो भन्नेमा स्पष्ट अवधारणा बनाएर भाषानीति र योजना निर्माण ज्वलन्त आवश्यक देखिन्छ ।

## बहुभाषिक शिक्षा कार्यक्रम

भाषा शिक्षा कार्यक्रमको एक प्रकारका रूपमा बहुभाषिक शिक्षा कार्यक्रमलाई लिन सकिन्छ । शिक्षण सिकाइमा भाषा छनोटका क्रममा सिकारूको पहिलो भाषालाई मान्यता दिने बहुभाषिक शिक्षा अन्तर्गत पर्दछ (चोलेमन र क्यापस्टिक सन् २०१२) । यस कार्यक्रमले सिकारूलाई मातृभाषाको माध्यमबाट शिक्षाको मूलधारमा ल्याई सोभै दोस्रो भाषामा भाषान्तरणमा सहयोग गर्दछ । जसले सिकारूको भाषिक र संज्ञानात्मक विकासका लागि मातृभाषाका अतिरिक्त अन्य भाषालाई शिक्षणको माध्यम बनाउँछ । विकासोन्मुख देशमा बालबालिकाको पहिलो भाषालाई आधार मानेर आवश्यकताअनुसार अन्य भाषाको उपयोग गर्नुलाई बहुभाषिक शिक्षाको आधार मानिएको छ (टायलर, सन् २०२०) ।बहुभाषिक शिक्षा पद्धतिमा निश्चित तहसम्म मातृभाषाको माध्यमबाट शिक्षण गरिन्छ र त्यसपछि राज्यको प्रमुख र अन्य भाषामा भाषान्तरण गरिन्छ । भाषान्तरण पहिलो भाषालाई आधार मानेर दोस्रो भाषा सिकाउने द्रुत मार्ग (ढाँचा) हो (वेन्सन, सन् २००४) । उक्त मार्ग प्राथमिक तहमा शिक्षणको माध्यम मातृभाषापछि दोस्रो भाषामा भाषान्तरण (ट्रान्जिसन) उपयोगी हुने उल्लेख गरेको गरिएको छ (युनेस्को, सन्२०११) । यसप्रकार का कार्यक्रम एकलभाषीय संरचना भएका देशमा सफल मानिएका देखिन्छन् ।

बहुभाषीय संरचनायुक्त देश नेपालले पनि मातृभाषालाई शिक्षामा उपयोग गर्न जारी गरेको बहुभाषिक शिक्षा निर्देशिका (२०६६) बहुभाषी शिक्षण पद्धति र एकलभाषी शिक्षण पद्धतिमध्ये कुनलाई जोड दिन खोजेको हो भन्ने स्पष्ट देखिँदैन । उक्त निर्देशिकामा स्थानीय मातृभाषासमेत एक वा एकभन्दा बढी भाषाका माध्यमबाट दिइने शिक्षालाई बहुभाषी शिक्षा भन्ने उल्लेख गरेको छ । तर कस्लाई, कहिलेदेखि र कसरी भन्ने सिद्धान्त र स्पष्ट कार्यढाँचा भेटिँदैन । उद्देश्य बहुभाषा शिक्षा दिने कार्यान्वयनमा लागि भने मातृभाषामा आधारित बहुभाषिक शिक्षा कार्यक्रम (एकलभाषी शिक्षण) उन्मुख देखिन्छ । यस कार्यक्रममा मातृभाषा माध्यमबाट अन्य भाषामा भाषान्तरण गरिन्छ -युनेस्को, सन्२०११) । निश्चित कक्षासम्म मातृभाषामा पढाएपछि अन्य भाषामा भाषान्तरण गरी धेरै भाषाको ज्ञान दिने ढाँचा एकलभाषी कक्षामा निकै प्रभावकारी मानिए पनि नेपालमा विद्यालयका कक्षा कोठामा भाषान्तरणको सम्भाव्यताताका बारेमा अध्ययन भएको देखिँदैन । एकलभाषी कक्षा कोठाको सम्भावना न्यून देखिने बहुभाषिक देश नेपालमा बहुभाषिक शिक्षामा भाषान्तरण (सङ्क्रमण) का लागि छिटो बाहिरिने सङ्क्रमणीय ढाँचा

(Early exit transitional model) कक्षा १-३ प्रभावकारी हुने (यादव,सन् २०१४) उल्लेख गरेको देखिन्छ। यसै गरी विद्यालय सुधार योजना (सन् २०१६-२३) ले छिटो बाहिरिने (अर्ली एक्जिट ट्रान्जिसन) ढाँचा (१-३ कक्षा मातृभाषा माध्यम) को अनुमोदन गरेको देखिन्छ। यसका साथै विद्यालय छोड्ने दर घटाउन र शैक्षिक उपलब्धि बढाउन कक्षा ३ सम्म मातृभाषा माध्यम अनिवार्य गर्ने र विस्तारै अन्य भाषामा सङ्क्रमण गर्दै जाने कुरा राष्ट्रिय शिक्षा नीति (२०७६) ले निर्देश गरेको छ।

यसप्रकारका सुझाव, निर्देश र योजनाले नेपालमा बहुभाषिक शिक्षा कसका लागि (सबैका लागि वा गैर नेपाली मातृभाषीका लागि मात्र) र कुन उद्देश्य (बहुभाषामा शिक्षा (कुन उमेरदेखि), मातृभाषा (माध्यम) मा शिक्षा वा मातृभाषा (विषय) को शिक्षा कति कक्षादेखि कति कक्षासम्म ?) का लागि भन्नेमा अन्योलता देखाउँछन्। तसर्थ नेपालको बहुभाषिक शिक्षाप्रतिको अवधारणा सबै बालबालिकालाई बहुभाषामा शिक्षा दिने, गैर नेपाली मातृभाषीका लागि मातृभाषामा शिक्षा वा मातृभाषाको शिक्षा दिने कुन उद्देश्यले विकसित गरिएको हो ? सो मा स्पष्ट हुन आवश्यक देखिन्छ। बहुभाषिक देश नेपालले बहुभाषिकताको सापेक्षमा थालनी गरेको बहुभाषिक शिक्षालाई संवैधानिक कानुनी व्यवस्था र भाषिक मानवअधिकारका दृष्टिले समुदायको भाषिक आवश्यकता र राष्ट्रिय एवम् वैज्ञानिक नीति एवम् रणनीतिका आधारमा कार्यान्वयनमा ल्याउनु वाञ्छनीय देखिन्छ।

## सारांश

द्विभाषी र बहुभाषी शब्दहरूको प्रयोग एकभन्दा बढी भाषाको उपयोगको क्षमता राख्ने व्यक्तिका सन्दर्भमा प्रयोग हुन्छ। वर्तमान समयमा विश्वव्यापीकरण र व्यापक सञ्चारका कारण बहुभाषित्व आजको सामान्य आवश्यकता बनेको देखिन्छ। बहुभाषिकता सामाजिक, शैक्षिक, राजनैतिक र आर्थिक कारणले गर्दा साझा अवधारणाको रूपमा व्यापक मानिएको छ। बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय समाजमा विभिन्न गतिविधि सञ्चालनका लागि सामुदायिक अन्तरघुलन एवम् आपसी सम्प्रेषणका दुई भाषाको प्रयोग हुने अवस्था द्विभाषिकता तथा बहुभाषिकताको हो। भाषिक वक्ता आफ्नो व्यक्तिगत आवश्यकता र राज्यस्तरका नीतिगत आधारमा बहुभाषी हुने अवस्था सिर्जना हुन्छ। बहुभाषी अवस्थामा हरेक व्यक्ति हरेक परिस्थितिमा समायोजन हुनका लागि बहुभाषिकताको आवश्यकता पर्दछ।समुदायका हरेक क्षेत्रमा दुई वा सोभन्दा भाषालाई मान्यता दिने बहुभाषिकता वा द्विभाषिकतालाई वर्गीकरण गर्ने निश्चित आधार नदेखिए पनि विभिन्न विद्वान्हरूका अनुसार बहुभाषित्व प्राप्तिको परिमाणका आधारमा भाषा आर्जनको मात्रा अनुसार व्यक्तिगत बहुभाषिकता र सामाजिक बहुभाषिता जस्तै प्रादेशिक सिद्धान्त र व्यक्तित्व सिद्धान्त, तेर्सो बहुभाषित्व, ठाडो बहुभाषित्व, निरपेक्ष द्विभाषिकता जस्ता विभिन्न प्रकारमा बहुभाषिकतालाई वर्गीकरण गरिएको छ।

बहुभाषिकताका लागि बहुभाषिक शिक्षा महत्त्वपूर्ण आधार मानिन्छ। बहुभाषी समाजमा आपसी सम्प्रेषणका लागि दुई वा सोभन्दा बढी भाषामा सक्षम बनाउन बहुभाषिक शिक्षा अभियानको रूपमा थालनी भएको छ। बहुभाषिक शिक्षाले घरको भाषा र विद्यालयको भाषालाई जोडी विस्तृत सञ्चारको भाषालाई शिक्षाको पहुँचमा पुऱ्याउने उद्देश्य राखेको देखिन्छ। शिक्षण सिकाइका क्रममा मातृभाषासँगै राज्यको प्रमुख भाषा र अन्तर्राष्ट्रिय भाषालाई सँगसँगै लैजाने विश्वगत सिद्धान्तबमोजिम नेपालले बहुभाषिक शिक्षा कार्यक्रम निर्देशिकाको माध्यमबाट बहुभाषिक शिक्षा कार्यान्वयनमा ल्याएको देखिन्छ। नेपालमा सबै बालबालिकालाई बहुभाषामा शिक्षा दिने, गैर नेपाली मातृभाषी बालबालिकालाई मातृभाषा (माध्यम) मा शिक्षा दिने वा मातृभाषा विषय (एकलभाषी वा बहुभाषी विद्यार्थीलाई) के कसरी शिक्षामा मातृभाषाको उपयोग गर्ने भन्नेमा स्पष्ट उद्देश्य नीति र रणनीतिको अभाव देखिन्छ।गुणात्मक शिक्षाका लागि बहुभाषामा शिक्षा वा एकल भाषाको माध्यमबाट शिक्षण सिकाइ भन्नेमा बहुभाषिक शिक्षाका सरोकारवालामा मतैक्यता हुन आवश्यक देखिन्छ। गम्भीर प्रकृतिका राजनैतिक परिवर्तन भए पछिका देशहरूमा भएका सयौँ भाषाहरू विभिन्न कारणले खतराको अवस्थामा रही भाषा र जातिको स्थानीय पहिचान हराउन सक्ने अवस्थालाई केन्द्रमा राखी शिक्षामा भाषा प्रयोगको मुद्दा अगाडि बढे पनि

बहुभाषिक शिक्षाको पहुँचमा सबै बालबालिका पुग्ने नीति र रणनीति तय गर्नु राज्यको दायित्व रहन्छ। नेपालमा एकातिर स्थानीय भाषासमेतको बहुभाषामा पढाउने शिक्षण पद्धति र अर्कातिर मातृभाषा (विषय र माध्यम) शिक्षाको अवधारणा अन्योलताका बिचमा विकसित भएको देखिन्छ। बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय समाजमा सामुदायिक अन्तरघुलन एवम् आपसी सम्प्रेषणका लागि दुई भाषाको प्रयोग अत्यावश्यक मानिएकाले बहुभाषीय संरचनामा रहेको देशले विद्यालयमा देखिने भाषिक विविधतालाई सम्बोधन गर्न वैज्ञानिक अध्ययन गरी भाषानीति र रणनीति तय गरेको अवस्थामा बहुभाषिक शिक्षा प्रभावकारी हुने देखिन्छ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्ग राज (७०७४), *सामाजिक र प्रायोगिक भाषा विज्ञान,* काठमाडौं : रत्न पुस्तक भण्डार।

कुक, गुइ (सन् १९८९), *डिस्कोर्स,* अक्सफोर्ड युनिभर्सिटी प्रेस।

घिमिरे, वासुदेव (२०६५), *समाज भाषाविज्ञान,* काठमाडौं : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र।

पौडेल, माधव प्रसाद (२०७४), *प्रायोगिक भाषा विज्ञान* , काठमाडौं : विद्यार्थी प्रकाशन।

बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका (२०६६), काठमाडौंः नेपाल सरकार शिक्षा मन्त्रालय।

भण्डारी, पारसमणि र पौडेल, (२०७२), *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार। राष्ट्रिय शिक्षा नीति, (२०७६), काठमाडौं नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।

Bulter, Y. (2012). Bilingualism and second language acquisition. *Research Gate*, 7.

Cenoz, J. (2012, ). Bilingual educational policy in higher education in the Basque Country. *Language, Culture and Curriculum*, 41-45, Online Journel, Routejedge Tylor and Farncis Group.

Degi, Z. (November, 2012). Types of multiulingualim Explore in the Transylvanian school. *Researchgate*, www. net/publication.

Hywel, C. (2015). *Language and development conference. Multilangulisns and development* (p. 6). New Delhi:

Manyike, T.V. & Lemmer, E. (2014). Research in language education in South Arica: Problem and prospects.*Mediterranean Journal of Social Sciences 5(8)* DOI:10.5901/mjss.2014.v5n8p251

Mabiletja, M.M., (2015). *The transition to multilingual educationin South African school*. An Unpublished Dissertation of PhD, University of South Africa.

Sadhananda, K. (2013). *Language choice and use in multilangual contexts of Nepal*: An Unpublished Ph.D. Dissertation :

Sharma, J. (2001). Multilingulism in India. *Language In India*, 1-6.

Taylor, S.K. (2020). *Beyond bilingual education: Multilingual language education in Nepal*:Yadava, Y. P., and Awasthi, L.D. (Eds). (2020). Perspectives on mother tongue based multilingual in Nepal: Nepal Academy.

UNESCO. (2003). *Education in a multilingual world. UNESCO Education Position Paper*. : UNESCO. Retrieved from http://unesdoc.unesco.org/images/0012/001297/129728e.pdf United Nations.

UNESCO. 2010. *Why and how Africa should invest in African languages and multilingual education*: An evidence- and practice-based policy advocacy brief. : UNESCO Institute of Lifelong learning.

UNESCO.2011.*Enhancing learning of children from diverse language backgrounds*: Mother tongue-based bilingual or multilingual education in the early years. Paris: UNESCO.

Ahonen, paivi (2020). *Multilingual education program for all non Nepali speaking students primary school in Nepal* 2007-2009. Yadava, Y. P., and Awasthi, L.D. (Eds). (2020). Perspectives on mother tongue based multilingual in Nepal. : Nepal Academy.

Yadava, Y.P. (2014). *Monograph on language in education in future federal Nepal* : UNESCO.

Benson, C. (2004). *The important of mother tongue-based schooling for educational quality* : UNESCO.

Coleman, H. and Capstik,T. (2012_. *Language in education Pakistan: Recommendation for policy and practice*. British Council.

Skutnabb-Kangas, T. & Mohanty, A. (2020). *Policy and strategy for MLE in Nepal. Yadava, Y. P., and Awasthi, L.D. (Eds). Perspectives on mother tongue based multilingual in Nepal:* Nepal Academy.

## लेखक

**अन्जली अधिकारी** महेन्द्ररत्न क्याम्पस, त्रि.वि. मा उपप्राध्यापक हुनुहुन्छ । उहाँले शिक्षाशास्त्र सङ्काय त्रि.वि. र मानविकी सङ्काय रत्नराज्य क्याम्पस त्रि.वि.बाट स्नातकोत्तर तहमा उतीर्ण गर्नु भएको छ । हाल उहाँ त्रि.वि.बाट विद्यावारिधि तहको अध्ययनमा संलग्न हुनुहुन्छ । उहाँको अध्ययनको रुचि क्षेत्र नेपालमा बहुभाषिक शिक्षाको सन्दर्भमा आधारभूत तहमा मातृभाषा उपयोगको अवस्था अध्ययन रहेको छ ।